Excellence in Leadership for Transformation

Accredited by University Grants Commission (UGC), Nepal (2025)
विश्वविद्यालय अनुदान आयोग नेपालबाट गुणस्तर प्रत्यायनकृत, (२०८१)

**MADAN BHANDARI MEMORIAL COLLEGE**
(Estd. 2001)
AFFILIATED TO TRIBHUVAN UNIVERSITY

मिति :२०८३।०५।१४

# हार्दिक श्रद्धाञ्जली तथा समवेदना

मिति २०८३ भाद्र १० गते भोटेकोशी क्षेत्रमा आएको बाढी तथा पहिरोका कारण भएको जनधनको क्षतिले यस कलेज परिवारलाई अत्यन्त दुःखित बनाएको छ। यस दुःखद् घटनामा परी ज्यान गुमाउनुहुने सम्पूर्णप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकमा रहनुभएका परिवारजन तथा आफन्तहरूमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

विपद्को यस कठिन घडीमा कलेज परिवार आफ्ना विद्यार्थी तथा अभिभावकसँगै रहेको छ। भोटेकोशी बाढी तथा पहिरोबाट यस कलेजमा अध्ययनरत कुनै विद्यार्थी, अभिभावक वा परिवारका सदस्य साथै पूर्व विद्यार्थी, शिक्षक तथा कर्मचारी प्रभावित हुनुभएको भए सम्बन्धित व्यक्ति वा आफन्तजनले कलेज प्रशासनमा सम्पर्क गरी जानकारी गराउनुहुन हार्दिक अनुरोध गर्दछौं।

यस विसम परिस्थितिमा आवश्यक सहयोग र सहजीकरण प्रदान गर्न कलेज प्रतिबद्ध छ। यो दुःखको घडीमा हामी सबै एकअर्काको साथमा उभिऔं। प्रभावित परिवारको पीडा हाम्रो पनि पीडा हो। तसर्थ मानवीय संवेदना, सहयोग र एकताबाट यस कठिन समयलाई पार गरौं।

..........................
. बाबुराम अधिकारी
क्याम्पस प्रमुख